केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१७/०७६/७७ मिति: २०७६/१२/१२

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

नेपाल सरकारले कोरोना भाइरस (Covid-19) को संक्रमणवाट नागरिकलाई सुरक्षित राख्न मिति २०७६/१२/११ देखि मिति २०७६/१२/१८ सम्म मुलुकभर अत्यावश्यक वाहेकका सेवाहरु आवश्यक कर्मचारी मात्र उपस्थित भई सञ्चालन गर्न र सर्वसाधारणलाई घरबाट बाहिर ननिस्कन सूचित गरेको परिपेक्ष्यमा सर्वसाधारणलाई नगद आवश्यक पर्ने र सो को लागी न्यूनतम बैंकिङ्ग सेवा प्रदान गर्नु वान्छनीय हुने भएकाले यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख","ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले अर्को व्यवस्था नभएसम्मको लागी देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

१. बैंक तथा वित्तीय संस्थाहरुले विद्युतीय माध्ययमबाट हुने कारोवारको सुनिश्चितता प्रदान गरी आफ्ना ग्राहकलाई सकेसम्म विद्युतीय माध्ययमबाट कारोवार गर्न सुचित गर्ने ।

२. बैंक तथा वित्तीय संस्थाहरुद्वारा संचालित ATM मेसिनहरुमा पर्याप्त नगद राख्ने र सोको निगरानी गर्ने व्यवस्था मिलाउने ।

३. सवै प्रदेशका स्थानीय प्रशासनसँग समन्वय गरी सम्भव भएसम्म निश्चित समयकालागी प्रत्येक स्थानीय तहमा न्यूनतम रुपमा शाखा खोली न्यूनतम कर्मचारीबाट बैंकिङ्ग कारेवार गर्ने व्यवस्था मिलाउने ।

४. यसरी खुल्ने शाखाहरुको विवरण तथा सम्पर्क यक्तिको फोन नम्बर आफ्नो Website मा अध्यावधिक गर्नुको अलावा बन्द रहने शाखाको मुल ढोकामा सर्वसाधारणले देख्ने गरी खुल्ने शाखाको विवरण टाँस गर्ने ।

५. प्रत्येक शाखाको मुल ढोकामा उक्त शाखावाट प्रदान हुने वा उक्त शाखा बन्द रहेको अवस्थामा सो साखा वा ग्राहकले बैंकिङ्ग सेवा पाउने शाखा सम्बन्धमा सूचना दिन सम्पर्क व्यक्ति तोकी सम्पर्क नम्बर सहितको विवरण शाखाको मुल ढोका/सूचना पाटीमा टाँस गर्ने ।

६. भन्सारबाट प्राप्त हुने चेक क्लियरिङ्गको उचित व्यवस्था मिलाउने ।

७. बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यक वस्तुहरुको आपुर्तिलाई सुनिश्चितता प्रदान गर्न ड्राफ्ट, टिटि, प्रतीतपत्र, ग्यारेन्टी जस्ता कारोवारहरु सञ्चालन हुने व्यवस्था मिलाउने ।

८. यस बैंकबाट इजाजतपत्रप्राप्त निक्षेप स्वीकार गर्ने "घ" वर्गका वित्तीय संस्थाहरुले समेत स्थानिय प्रशासनसँग समन्वय गरी काउन्टर मार्फत सम्भव भएसम्म कारोवार सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

९. बैंक तथा वित्तीय संस्थाहरुले ने.रा. बैंकमा गर्नु पर्ने रिपोटीङ्गहरु परिस्थिति सामान्य भै कार्यालय नियमित रुपमा खुलेको ७ कार्यदिन भित्र गर्ने व्यवस्था मिलाउने ।

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक